गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
पोखरा, नेपाल

# एक निर्वाचन क्षेत्र एक कृषि सडक कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०७९

१. **मूल कार्यविधिको दफा ३ को उपदफा (२) मा संशोधनः** एक निर्वाचन क्षेत्र एक कृषि सडक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ दफा ३ को उपदफा (२) को सट्टामा देहायको उपदफा (२) कायम गरिएको छ।

"सम्भाव्य कृषि सडकहरुको तुलनात्मक विवरण तयार गरी उपदफा (१) बमोजिम आयोजना तथा कार्यक्रम छनोट गर्न जिल्लास्तरमा देहायको समिति रहनेछ।

(क) सम्बन्धित निर्वाचन क्षेत्रको प्रत्यक्ष निर्वाचित प्रदेश सभा सदस्य — संयोजक

(ख) सम्बन्धित कृषि ज्ञान केन्द्रको प्रमुख — सदस्य

(ग) कार्यालय प्रमुख — सदस्य सचिव"

२. **मूल कार्यविधिको दफा ४ मा संशोधनः** एक निर्वाचन क्षेत्र एक कृषि सडक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ दफा ४ को सट्टामा देहायको दफा ४ कायम गरिएको छ।

"४. **आयोजना तथा कार्यक्रमको स्वीकृति र बजेट व्यवस्थापनः** (१) मन्त्रालयले दफा ३ बमोजिम सिफारिस भई आएको आयोजना तथा कार्यक्रम स्वीकृत गरी बजेट व्यवस्थापनका लागि आर्थिक मामिला मन्त्रालयमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आयोजना तथा कार्यक्रम स्वीकृत गर्दा प्रति एकाइ लागत रु एक करोड भन्दा बढी नहुने गरी स्वीकृत गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम बजेट व्यवस्थापनका लागि अनुरोध भई आए पश्चात आर्थिक मामिला मन्त्रालयले चालु आर्थिक वर्षका लागि एक निर्वाचन क्षेत्र एक कृषि सडक कार्यक्रम शिर्षकबाट आवश्यक बजेट व्यवस्थापन गरी सम्बन्धित कार्यालयलाई खर्च लेख्ने अख्तियारी प्रदान गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम बजेट व्यवस्थापन भई कार्यान्वयन भएको आयोजना तथा कार्यक्रम चालु आर्थिक वर्षमा फरफारक हुन नसकी आगामी आर्थिक वर्षमा दायित्व सृजना हुने भएमा कुल लागतबाट चालु आर्थिक वर्षमा भएको भुक्तानी कट्टी गरी बाँकी रहेको दायित्व भुक्तानीका लागि मन्त्रालयले प्रदेश नीति तथा योजना आयोगबाट आगामी आर्थिक वर्षका लागि प्राप्त बजेट सीमा भित्रबाट नै आवश्यक बजेट व्यवस्थापन गर्नु पर्नेछ।"

३. **मूल कार्यविधिको दफा ५ मा संशोधनः** एक निर्वाचन क्षेत्र एक कृषि सडक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ दफा ५ को उपदफा (२) पछि देहायको उपदफा (२क) कायम गरिएको छ।

"(२क) उपदफा (२) बमोजिम कार्यान्वयन गरिने आयोजना तथा कार्यक्रमको कार्यान्वयन अवधि सम्झौता भएको मितिले एक वर्षको हुनेछ।"

प्रमुख सचिव

गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय पोखरा, नेपाल

# एक निर्वाचन क्षेत्र एक कृषि सडक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९

प्रस्तावना: कृषि उत्पादनका पकेट क्षेत्रमा सडक पहुँच पुऱ्याउन र कृषि सडक विस्तार गरी कृषि उपज ढुवानी एवम् वितरण प्रणालीलाई सहज तथा व्यवस्थित बनाउन वाञ्छनीय भएकोले, प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "एक निर्वाचन क्षेत्र एक कृषि सडक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "आयोजना तथा कार्यक्रम" भन्नाले यस कार्यविधि बमोजिम सञ्चालन गरिने एक निर्वाचन क्षेत्र एक कृषि सडक कार्यक्रम सम्झनु पर्छ।

(ख) "मन्त्रालय" भन्नाले भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले जिल्लास्थित पूर्वाधार विकास कार्यालय सम्झनु पर्छ।

(घ) "ज्ञान केन्द्र" भन्नाले सम्बन्धित जिल्लाको कृषि ज्ञान केन्द्र सम्झनु पर्छ।

## परिच्छेद-२
## आयोजना तथा कार्यक्रम छनोट र स्वीकृति

३. **आयोजना तथा कार्यक्रमको छनोट:** (१) सडक पहुँचले नसमेटिएको तथा सडकको पहुँच पुगे पनि सडकको दुरावस्थाका कारण कृषि उपज वितरणमा कठिनाई भएका देहाय बमोजिमको कृषि उत्पादनका पकेट क्षेत्रमा सडक विस्तार तथा स्तरोन्नतिको लागि यस कार्यविधि बमोजिम आयोजना तथा कार्यक्रम छनोट गरी कार्यान्वयन गर्न सकिनेछ।

(क) बजार क्षेत्रबाट टाढा रहेको व्यवसायिक किसिमले कृषि उपज उत्पादन हुने कृषि पकेट क्षेत्रको सडक निर्माण तथा स्तरोन्नति,

(ख) सडकको दुरवस्थाका कारण वर्षाको समयमा सवारी आवागमन गर्न कठिन हुने कृषि पकेट क्षेत्रको सडक

प्रमुख सचिव

(ग) सडक निर्माण पश्चात कृषि उपज वितरण प्रभावकारी हुन सक्ने सम्भावना भएको कृषि पकेट क्षेत्रको सडक।

(२) उपदफा (१) बमोजिम आयोजना तथा कार्यक्रम छनोट गर्दा सम्बन्धित ज्ञान केन्द्रको परामर्शमा सम्भाव्य कृषि सडकहरुको तुलनात्मक विवरण तयार गरी उच्चतम लाभ प्राप्त हुने कृषि सडक छनोट गर्नुपर्नेछ।

(३) उपदफा (१) बमोजिम छनोट गरिएको आयोजना तथा कार्यक्रम स्वीकृतिका लागि कार्यालय मार्फत मन्त्रालयमा सिफारिस गर्नुपर्नेछ।

(४) उपदफा (१) बमोजिम आयोजना तथा कार्यक्रम छनोट गर्दा एक प्रदेश निर्वाचन क्षेत्रमा एउटा आयोजना मात्र छनोट गर्नुपर्नेछ।

(५) उपदफा (१) बमोजिम आयोजना तथा कार्यक्रम छनोट गर्दा संघ, प्रदेश तथा स्थानीय तहबाट सञ्चालन गरिएका आयोजना तथा कार्यक्रमसँग दोहोरो नपर्ने गरी छनोट गर्नुपर्नेछ।

४. <u>आयोजना तथा कार्यक्रमको स्वीकृति:</u> (१) मन्त्रालयले दफा ३ को उपदफा (५) बमोजिम सिफारिस भई आएका आयोजना तथा कार्यक्रमका स्वीकृत गरी बजेट व्यँवस्थापनको लागि आर्थिक मामिला मन्त्रालयमा पठाउनु पर्नेछ।

(२) आर्थिक मामिला मन्त्रालयले उपदफा (१) बमोजिम स्वीकृत आयोजना तथा कार्यक्रमका लागि विनियोजित बजेटको परिधि भित्र रही एक निर्वाचन क्षेत्र एक कृषि सडक कार्यक्रम शीर्षकबाट बजेट व्यवस्थापन गरी खर्च गर्ने अख्तियारी प्रदान गर्न सक्नेछ।

## परिच्छेद- ३

## आयोजना तथा कार्यक्रमको कार्यान्वयन

५. <u>आयोजना तथा कार्यक्रमको कार्यान्वयन:</u> (१) आयोजना तथा कार्यक्रमको कार्यान्वयन ज्ञान केन्द्रको समन्वयमा कार्यालय मार्फत गरिनेछ।

(२) प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम ठेक्का प्रक्रिया वा उपभोक्ता समिति मार्फत आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ।

(३) आयोजना सम्पन्न भई सकेपछि गण्डकी प्रदेश सरकार वा अन्तर्गतको कार्यालयको लागतमा सम्पन्न भएको सूचना अंकित शिलालेख वा स्तम्भ वा बोर्ड वा अन्य कुनै उपयुक्त सन्देशमूलक सामग्री उपयुक्त स्थानमा राख्नु पर्नेछ।

प्रमुख सचिव

६. <u>अनुगमन तथा मूल्याङ्कन:</u> सम्बन्धित निर्वाचन क्षेत्रका प्रदेश सभा सदस्य, मन्त्रालय र प्रदेशको कृषि विषय हेर्ने मन्त्रालयले आयोजना तथा कार्यक्रमको अनुगमन गरी कार्य प्रभावकारीताका लागि आवश्यक निर्देशन दिन सक्नेछन्।

## परिच्छेद- ४

## <u>विविध</u>

७. <u>बाधा अड्काउ फुकाउ:</u> यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा मन्त्रालयको अनुरोधमा आर्थिक मामिला मन्त्रालयले बाधा फुकाउन सक्नेछ।

८. <u>प्रचलित कानून बमोजिम हुने:</u> यस कार्यविधिमा लेखिएका कुराहरुमा यसै कार्यविधि बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।